
मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २२ गते आइतबार ❑ 7 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## समाजवाद स्थापनामा उद्योगी व्यवसायीको योगदान अपरिहार्य छ: अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भाद्र



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले समाजवादको दिशामा अघि बढ्न उद्योगी तथा व्यवसायीको योगदान अपरिहार्य रहेको बताउनुभएको छ।

नेपाल उद्योग व्यापार महासंघले शनिबार पोखरामा आयोजना गरेको 'समाजवाद उन्मुख अर्थतन्त्रमा नेपाली उद्योगी-व्यवसायीको भूमिका' विषयक प्रशिक्षण तथा महासङ्घ केन्द्रीय समितिको आठौं बैठक उद्घाटन गर्दै उहाँले समाजवाद स्थापनामा सबैले योगदान गर्नुपर्ने बताउनुभएको हो। अध्यक्ष दाहालले भन्नुभयो, "हामी समाजवाद स्थापनाका लागि अघि बढेका छौं । सुशासन, सामाजिक न्याय र समृद्धिको मार्ग हुँदै समाजवादमा पुग्ने हो । यसमा तपाई उद्योगी व्यवसायीको योगदान धेरै महत्त्वपूर्ण हुन्छ।"

अध्यक्ष दाहालले नेपाललाई आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको बाटोमा अघि बढाउन माओवादी केन्द्रले स्पष्ट कार्ययोजना अघि सारेको बताउनुभयो । उहाँले माओवादी आन्दोलन मध्यम वर्गको पक्षमा रहेको र ऋण मिनाहा, सहकारी सुधार र तल्लो वर्गको उत्थान पार्टीको प्राथमिकता भएको धारणा राख्नुभयो । अध्यक्ष दाहालले पछिल्लो समय माओवादी घटक, इमानदार कम्युनिष्टबीच एकता र सहकार्य बढ्दै गएको बताउनुभयो । कार्यक्रममा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन, स्थायी समिति सदस्य शशी श्रेष्ठ, महासंघका इन्चार्ज गंगा कार्की, महासंघका अध्यक्ष खिमलाल भण्डारी तथा गण्डकी प्रदेशका नेताहरूको सहभागिता रहेको थियो ।

## अपाङ्गताको सवालमा प्रदेश सरकार कटिबद्ध छ: प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भाद्र



गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले अपांगता भएका व्यक्तिहरुलाई सक्षम बनाउन जरुरी रहेको बताउनुभएको छ । उनीहरुलाई रोजगारी प्रदान गरी सहज जीवनयापनका लागि सक्षम बनाउनु आजको मुख्य दायित्व रहेको उहाँको भनाई छ।

नेपाल दृष्टिविहीन कल्याण संघको पोखरामा शनिबार भएको ३८ औं केन्द्रीय वार्षिक साधारणसभाको उद्घाटन गर्नुहुँदै प्रदेश प्रमुख भट्टले अपाङ्गता भएका व्यक्तिहरू समाजका अभिसाप नभई समतामूलक समाजको हिस्सेदार रहेको उल्लेख गर्नुभयो । 'समाजमा अपांगता भएका व्यक्तिहरुप्रति गरिने व्यवहार अझै सम्मानजनक नभएको तीतो यथार्थ हामीसामु छ । मुलुकमा दशकौंदेखि व्याप्त रुढीवादी, अन्धविश्वास र भेदभावलगायतका कारण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिहरूले न्यूनतम मानवअधिकारको उपभोग गर्न पाइरहेका छैनन् ।' उहाँले भन्नुभयो । रोजगारीको व्यवस्थापन, सीप विकासका साथै अपाङ्गता भएका व्यक्तिको हित प्रवर्द्धन गर्न जरुरी रहेकोमा उहाँले जोड दिनुभयो । 'अपाङ्गतामैत्री संरचना र सेवा अपरिहार्य आवश्यकता हो ।

अपाङ्गता भएकाहरुको समानुपातिक समावेशी सहभागिता अनिवार्य छ ।' उहाँले भन्नुभयो 'उनीहरूको सहजताका लागि आवश्यक ऐन, कानुन निर्माणमा राज्यसहित सबै क्षेत्र जिम्मेवार तथा जबाफदेही बन्नैपर्ने हुन्छ ।' अपाङ्गता भएका व्यक्तिभित्रको विविधताको सम्मान गर्दै नीति तथा योजना निर्माणमा उनीहरुको सार्थक सहभागिताको सुनिश्चितता गर्न आवश्यक रहेकोमा भट्टले जोड दिनुभयो । संघको साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दै उहाँले दृष्टिविहीन समुदायको कल्याण र उनीहरुको हक अधिकार स्थापित गर्न उल्लेखनीय कार्य गर्ने मार्गचित्र छलफलबाट तयार हुनेमा आशावादी रहेको उल्लेख गर्नुभयो । २०३८ सालमा नेपाल अन्धा कल्याण केन्द्र स्थापना भएकोमा नाम परिवर्तनसँगै २०४२ सालदेखि दृष्टिविहीन कल्याण संघ गैरनाफामुखी संस्थाका रुपमा अघि बढेको छ । राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, नेपाल नेत्रहीन संघ, दृष्टिविहीन अभिभावक संघ नेपाल जस्ता एकै उद्देश्यका साथ स्थापित संस्थाहरू एक आपसमा सहकार्य गरी अघि बढ्न पनि प्रदेश प्रमुख भट्टले सुझाव दिनुभयो । संघले कास्कीसँगै विभिन्न जिल्लामा शाखा स्थापना गरेको जनाएको छ । नेत्र परीक्षण, आँखा शल्यक्रिया, वृक्षारोपण, सरसफाई, छात्रवृत्ति तथा शैक्षिक सामाग्री प्रदान, ब्रेललिपी तालिम, सदस्यहरुलाई लघुवित्त व्यावसायिक योजना सम्बन्धी क्षमता अभिवृद्धि एवं सीपमूलक तालिमको आयोजना, ब्रेललिपी पाठ्यपुस्तक उत्पादन तथा वितरण, दृष्टिविहीन विद्यार्थीको प्रतिभा प्रस्फुटन, पुरस्कार स्थापना र वितरण लगायतका कार्यक्रमहरु संस्थाले गर्दै आएको संघ कास्कीका अध्यक्ष टेकमान प्रधानाङ्गले जानकारी दिनुभयो।

## निषेधित क्षेत्रमा अनुमति लिएर भ्रमण गरेका पर्यटकबाट ३० करोड राजश्व

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भाद्र

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप) मा पर्ने निषेधित क्षेत्रमा अनुमति लिएर भ्रमण गरेका विदेशी पर्यटकबाट गत आवमा रु ३० करोडभन्दा बढी राजस्व सङ्कलन भएको छ।

विदेशी नागरिकका लागि निषेधित उपल्लो मुस्ताङ र मनाङको नार फू क्षेत्रमा अनुमति लिएर प्रवेश गरेका पर्यटकबाट रु ३० करोड १७ लाख ५२ हजार प्रवेश शुल्क सङ्कलन भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ। आव २०८०/८१ मा रु २३ करोड ८९ लाख ६६ हजार प्रवेश शुल्क सङ्कलन भएकामा गत आवमा पर्यटक आगमन बढेसँगै प्रवेश शुल्कबाट हुने आम्दानी बढेको हो। एक्याप आयोजना प्रमुख डा रविन कडरियाका अनुसार उपल्लो मुस्ताङ घुम्ने विदेशी पर्यटकले पाँच सय डलर र नार फू जाने पर्यटकले एक हजार डलर तिर्ने गरेका छन्। निषेधित क्षेत्र प्रवेशको शुल्क अध्यागमन कार्यालयमार्फत सङ्कलन हुने गरेको बताउँदै उहाँले सरकारले तिब्बतसँग नाका जोडिएका क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको जानकारी दिनुभयो । ती क्षेत्रको भ्रमणमा जाने विदेशी पर्यटकले अनुमति लिनुपर्ने व्यवस्था छ । उपल्लो मुस्ताङ र मनाङको नार फू क्षेत्रमा अधिकांश पर्यटक पदयात्राका लागि जाने गरेका प्रमुख डा कडरियाले बताउनुभयो। निषेधित ठाउँबाहेक अन्नपूर्ण संरक्षण क्षेत्रमा प्रवेश गरेका विदेशी पर्यटकबाट गत आवमा रु ४६ करोड ४८ लाख ८१ हजार ४८३ प्रवेश शुल्क सङ्कलन भएको थियो । आव २०८०/८१ को तुलनामा गत आवमा पर्यटक आगमनमा २५ प्रतिशतले वृद्धि भएपछि राजस्व बढी सङ्कलन भएको उहाँको भनाइ छ।

आव २०८०/८१ मा पर्यटक प्रवेश शुल्कवापत रु ३८ करोड ९४ लाख ६१ हजार ४८३ सङ्कलन भएको थियो । आयोजना कार्यालयको आँकडा अनुसार अघिल्लो आवमा दुई लाख २२ हजार एक सय ८० विदेशी पर्यटकले उक्त क्षेत्रको भ्रमण गरेकामा गत आवमा पर्यटक सङ्ख्या बढेर दुई लाख ७८ हजार एक सय १३ पुगेको थियो। तीमध्ये दक्षिण एसियाली मुलुकका एक लाख ५७ हजार सात सय ८६ र अन्य देशका एक लाख २० हजार तीन सय २७ पर्यटक थिए। आयोजना प्रमुख डा कडरियाले दक्षिण एसियाली मुलुकका पर्यटकका लागि रु एक हजार र अन्य विदेशी पर्यटकका लागि रु तीन हजार (भ्याटसहित) प्रवेश शुल्क तोकिएको जानकारी दिनुभयो । निषेधित क्षेत्रको भ्रमणमा जाने पर्यटकले भने छुट्टै प्रवेश शुल्क तिनुपर्ने उहाँको भनाइ छ। संरक्षण क्षेत्रमा प्रवेश गर्ने पर्यटकको शुल्क आयोजना कार्यालयले उठाउने गरेको जनाउँदै उहाँले अध्यागमन कार्यालयमार्फत उठ्ने निषेधित क्षेत्रको प्रवेश शुल्क भने सङ्घ सरकारको राजस्वमा जाने गरेको बताउनुभयो। पर्यटक शुल्कलगायतबाट हुने आम्दानीको ठूलो हिस्सा संरक्षण गतिविधि र पर्यटन प्रवर्द्धनका कार्यक्रममा खर्च हुने गरेको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। 'एक्याप'ले पदमार्ग निर्माण, फोहर व्यवस्थापन, साना सिँचाइ, खानेपानी आयोजना निर्माण, आयआर्जन, संरक्षण शिक्षालगायत गतिविधि सञ्चालन गर्दै आएको छ।

## 'राजनीतिक स्थिरताका लागि संविधान संशोधन अपरिहार्य छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भाद्र

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले नेपालमा राजनीतिक स्थिरताका लागि संविधान संशोधन अपरिहार्य रहेको बताउनुभएको छ।


गोरखाको पालुङटार नगरपालिका-८ स्थित धुवाकोटमा शनिबार नेवा समाजले आयोजना गरेको लाखेनाच प्रतियोगिताको उद्घाटन कार्यक्रममा उहाँले संविधान संशोधन, सुशासन र राजनीतिक शुद्धिकरणले मात्र राजनीतिक स्थिरता कायम हुने धारणा राख्नुभयो । "पछिल्लो राजनीतिक परिवर्तनले लोकतान्त्रिक गणतन्त्र स्थापन भए पनि जनताले अपेक्षा गरेअनुसार अझै जीवनस्तर फेर्न सकिएको छैन", उहाँले भन्नुभयो, "देशलाई स्थिर दिशामा अगाडि बढाउन संविधान संशोधन, सुशासन र राजनीतिक शुद्धिकरण अपरिहार्य छ ।" पूर्वउपप्रधानमन्त्रीसमेतरहनुभएका उपाध्यक्ष श्रेष्ठले अहिले देशको मुख्य राष्ट्रिय कार्यभार जनताको जीवनस्तर उकास्ने गरी विकास र सम्वृद्धिको काम अघि बढाउनु रहेको उल्लेख गर्नुभयो। "राजनीतिक परिवर्तन, परिवर्तनका लागि मात्र होइन, जनताको जीवन फेर्ने साधन बन्नुपर्छ", उहाँले भन्नुभयो, "नेपाली जनताले छ दशकभन्दा लामो सङ्घर्ष, जनआन्दोलन, जनयुद्धलगायत माध्यमबाट प्राप्त लोकतन्त्रलाई बलियो बनाउँदै सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माणमा अघि बढ्नुको विकल्प छैन ।" उपाध्यक्ष श्रेष्ठले विकास र समृद्धिमा फड्को मार्दै हरेक नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सम्प्रभुता, पूर्वाधार निर्माणलगायत आधारभूत विकासका आवश्यकतालाई सुनिश्चित गर्नेतर्फ राज्यले ठोस् कदम चाल्नुपर्नेमा जोड दिनुभयो। सामाजिक एकताले मात्र राष्ट्रिय एकतालाई बलियो बनाउने बताउँदै उहाँले सबैको पहिचान र सबैको भाषा, संस्कृतिको संरक्षण र सम्वर्द्धनले जीवन्त समाज निर्माण गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।


### बाढीबारे चासो राखौं, चनाखो बनौं

**बाढी र डुबान हुनुपूर्वको तयारी:**

- वर्षायाममा सधै मोबाईलमा पर्याप्त व्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौ,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौ, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं,
- गाउँ, टोल, वडामा रबरका डुंगा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- आपतकालितन अवस्थाकालागि अन्न, दाल, नून, तेल, पानी सफा गर्ने औषधी र साबुनजस्ता सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे पहिल्यै
- नदीमा बढेको पानी, ड्याम र तटवन्धको अवस्थाको जानकारी लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



# एलपी ग्याँस बिक्रेता संघ कास्कीको वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २१ भाद्र

पोखरा, भदौ २१ गते । दैनिक उपभोग्य बस्तुको रुपमा रहेको एलपी ग्याँसको कारोबार व्यवस्थित हुन नसकेको व्यवसायीहरुले बताएका छन् ।

एलपी ग्याँस विक्रेता संघ कास्कीको २१ औँ वार्षिक साधारणसभा शनिबार पोखरामा सम्पन्न साधारणसभामा बोल्ने बक्ताहरुले घरायसी प्रयोजनदेखि व्यवसायसम्म र शहरदेखि गाँउसम्म एलपी ग्याँसको अपत दैनिक रुपमा घट्दो क्रममा रहेका कारण व्यवसायी समस्यामा रहेको समेत बताएका छन् । नेपालमा एलपी ग्याँसको कारोबार वि.सं.२०२८ सालदेखि भएपनि घट्दो जनघनत्व र विद्युतीय उपकरणको कारण प्रयोग गरेको दावी व्यवसायीले गरेका हुन् ।कास्कीक जिल्लामा हाल १८ वटा कम्पनीको ग्याँस आपूर्ति हुने गरेको एलपी ग्याँस विक्रेता संघ कास्कीका सचिव हरिकृष्ण अधिकारीले बताए ।

साधारण सभाको उद्घाटन ग्याँस विक्रेता महासंघका केन्द्रीय




अध्यक्ष ज्ञानेश्वर अर्याललले गरेका थिए । उनले व्यवसायीहरु आर्थिक रुपमा स्वच्छ र पारदर्शी हुनुपर्नेमा जोड दिए । उनले विक्रेता संघहरुमा सदस्यहरुसंग पैशा उठाउने तर त्यसको हिसाव सार्वजनकी नगर्ने अवस्था रहेको बताउदै आर्थिक रुपमा भष्ट्रीकरण बढेको बताए । हामी राजनीतिक दलका नेताहरुलाई भष्टाचार गरे भनेर गाली गर्छौं तर व्यवसायीहरु पनि भष्टिकरण हुदै गएको आभाष भएको छ उनले भने । उनले ग्याँस विक्रेता व्यवसायीहरु वीचको एकतालाई बलियो बनाउदै सर्वशुलभ रुपमा उपभोक्तासम्म ग्याँस पुऱ्याउनुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य संघ गण्डकी प्रदेशका अध्यक्ष सञ्जिवबहादुर कोइरालाले नेपाल सरकारले बनाएको नीति नियममा रहेर ग्याँस व्यवसायीले व्यापार गर्नुपर्नेमा जोड दिए । ग्याँस डिपो संचालन मापदण्ड अनुसार गर्नुपर्नेमा जोड दिदै उनले ग्याँस कम्पनिले तोकेको अधिकतम मुल्यमा व्यवसाय गर्दा समस्या भएको बताए । उनले अधिकतम मुल्य पसलबाट ग्राहकले आफै लैजाने हो तर घरघरमा पुऱ्याए वापत थप सेवा शुल्क लगाउने व्यवस्थाका लागि नेपाल सरकार र आयल निगमसंग समन्वय गरेर जानुपर्ने आवश्यकता रहेकोमा जोड दिए ।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका उद्योग तर्फबा उपाध्यक्ष बलराम आचार्य, ग्याँस विक्रेता महासंघका उपाध्यक्ष नारायणप्रसाद पौडेल, एलपी ग्याँस विक्रेता संघका केन्द्रीय कोषाध्यक्ष रविन कार्की, गृहलक्ष्मी ग्याँस कम्पनीका प्रवन्धक भीमराज लामिछाने, शक्ति ग्याँस कम्पनिका प्रवन्धक मेघराज पौडेल, याँस विक्रेता महासंघ कास्कीका संस्थापक अध्यक्ष बालकृष्ण कोइराला, संघ कास्कीका उपाध्यक्ष शिवकुमार श्रेष्ठ, लगायतले बोलेका थिए । साधारणसभाले सचिव हरिकृष्ण अधिकारीको प्रतिवेदन र कोषााध्यक्ष सुरजमान गुरुङको आर्थिक प्रतिवेदन साधारणसभाले सर्वसम्मत पारित गरेको छ । साधारण सभा एलपी ग्याँस विक्रेता संघ कास्कीका अध्क्ष नारायणदत्त दाहालको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको संचालन सुविना दाहालले गरेकी थिइन् ।

# सामुदायिक प्रहरी सेवा वगरको २२ औं वार्षिक साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २१ भाद्र

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ बगरको २२ औं वार्षिक सधारण सभा शनिबार सम्पन्न भएको छ ।

वार्षिक साधारण सभाको उद्घाटन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरिक्षक तुल बहादुर कार्कीले कम भन्दा कम खर्च गरेर उत्कृष्ट काम सामुदायिक केन्द्रहरुले गरेको उल्लेख गरे । 'समाजमा हुने हरेक अपराधिक घटना नियन्त्रण गर्नमा यहाँहरुको भूमिका अतुलनिय रहेको छ' कार्कीले भने, 'प्रहरी साझेदारी कार्यक्रमलाई अझै प्रभावकारी बनाउँदै नेपाल प्रहरी तपाईहरुसँग हातेमालो गरेर अगाडि बढ्ने छ ।' उनले पछिल्लो समय लागू औषध दुरव्यसयनी धेरै न्यूनिकरण हुदै गएकोले अझै सचेतना मूलक कार्यक्रम प्रभावकारी बनाउँदै लैजानु पर्ने उल्लेख गरे । माछापुच्छ्रे गाउँपालिका अध्यक्ष सिता अधिकारीले माछापुच्छ्रे गाउँपालकिा आत्म हत्याका घटना बढि हुने गरेको बताउँदै आत्माहत्या सँगै अन्य अपराधिक घटना न्यूनिकरण गर्नका लागि सामुदायिक सेवा केन्द्रसँग समन्वय गरेर अगाडि बढेको उल्लेख गरिन् । पोखरा महानगर पालिका वडा नं. १ का वडा अध्यक्ष साहारा प्रधानले सामुदायिक सेवा केन्द्र बगरले गरेका हरेक गतिविधि उत्कृष्ट रहेको बताए । सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका संस्थापक अध्यक्ष सिता गुरुङले लागु औषध




नियन्त्रणमा अझै वढि सक्रिय भएर लाग्नु पर्ने बताईन् । सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका महासचिव घनश्याम तिम्सिनाले समाजमा हुने विकृति विसंगति न्यूनिकरण गर्न कास्कीका सामुदायिकले उल्लेखनिय भूमिका खेलेको बताए ।

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका पूर्व अध्यक्ष वर्तमान सल्लाहकार पुरुषोत्तम श्रेष्ठले नागरिक र प्रहरी वीचको सम्बन्ध जोड्ने काम गर्ने सामुदायिक सेवा केन्द्रमा पछिल्लो समय दरवन्दी घटाउदा काम गर्न असहज भएको उल्लेख गरे ।

कार्यक्रममा संस्थाका ज्येष्ठ सदस्य तथा वर्तमान सल्लाहकार विश्वमोहन गौचन र जिल्ला प्रहरी कार्यालय कास्कीका महिला वालवालिका तथा ज्येष्ठ नागरिक सेलका प्रमुख प्रहरी निरीक्षक सरला ढकाललाई दोसल्ला ओढाई सम्मान पत्रले सम्मान गरिएको थियो । त्यसैगरी कार्यक्रममा दश जोड दुईमा उत्कृष्ट अंक ल्याउने यस संस्थाका आजिवन सदस्य वावुराम भण्डारी तथा साधारण सदस्य सिता भण्डारीकी छोरी शुष्मा भण्डारी, साधारण सदस्य भानुभक्त अधिकारीका छोरा सुशांक अधिकारी र आजिवन सदस्य प्रकाशचन्द्र सापकोटाकी छोरी प्रविना सापकोटालाई नगद सहित सम्मान गरिएको थियो । त्यस्तै हालै निर्वाचित सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पृथ्वीचोकका पदाधिकारी तथा सदस्यहरुलाई स्वागत तथा वधाई ज्ञापन गरिएको थियो । कार्यक्रममा सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका सचिव कृष्ण बहादुर तमाङले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्ष कमल प्रसाद बास्तोलाले आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पृथ्वीचोकका अध्यक्ष कुमारी मुना बास्तोला, कन्या क्याम्पसका नदिपुरका क्याम्पस प्रमुख सुरेश कुमार मानन्धर, इन्द्रेणी एकिकृति विकास केन्द्रका अध्यक्ष भानुभक्त अधिकारी, सिद्धार्थ आमा समूहकी अध्यक्ष रिता लामिछानेले बोलेका थिए । सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीको अध्यक्षतामासम्पन्नभएकोकार्यक्रममा निर्वतमान अध्यक्ष रामभूषण पराजुलीले स्वागत र सचिव कृष्ण बहादुर तमाङले कार्यक्रम सञ्चालन गरेका थिए ।

# सहारा खेलकुद पत्रकारिता पुरस्कार केशव पाठक र सहारा उत्कृष्ट सदस्य सम्मान नेहा गुरुङलाई

पोखरापत्र संवाददाता
पोखरा, २१ भाद्र

सहारा क्लब पोखराद्वारा हरेक वर्ष प्रदान गरिने सहारा खेलकुद पत्रकारिता पुरस्कार यस वर्ष पत्रकार केशव पाठकलाई प्रदान गरिने भएको छ ।

क्लबका मानार्थ सदस्य अग्रज पत्रकार नारायण कार्कीको संयोजकत्वमा गठित प्रतिभा छनोट समितिको बैठकले पत्रकार पाठकको नाम सिफारिस गरेकोमा कार्यसमितिको बैठकले अनुमोदन गरेको हो । फुटबलमार्फत सामाजिक सेवामा क्रियाशील यस क्लबले खेलकुद गतिविधिलाई प्राथमिकता दिएर समाचार सम्प्रेषण गर्नेमध्ये एकजना पत्रकारलाई योगदान आधारमा बर्सेनी पुरस्कार प्रदान गर्दै आएको छ । पुरस्कारको राशि नगद २५ हजार ५५५ रुपैयाँ र सम्मानपत्र रहेको छ । प्रतिभा छनोट समितिमा क्लबका सल्लाहकार एवं नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठ, कास्की जिल्ला खेलकुद विकास समिति अध्यक्ष मिलन गुरुङ, नेपाल पत्रकार महासंघ कास्की अध्यक्ष माधवप्रसाद बराल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी अध्यक्ष एम.बि. आस्था, क्लब अध्यक्ष केशवराज बराल, वरिष्ठ उपाध्यक्ष पूर्णबहादुर गुरुङ र महासचिव रामजीप्रसाद अधिकारी सदस्य रहनुभएको थियो ।

पर्वत जिल्ला स्थायी घर भई हाल पोखरा ८ निवासी पत्रकार पाठक तीन दशकदेखि पोखराको खेलकुद पत्रकारितामा क्रियाशील हुनुहुन्छ । नेपाल पत्रकार महासंघ कास्कीका सदस्य उहाँ पोखरा स्पोर्टस् डटकमका सम्पादक हुनुहुन्छ । उहाँ प्रदेश खेलकुद परिषद् गण्डकीका निवर्तमान बोर्ड सदस्य, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका संस्थापक अध्यक्ष, गण्डकी प्रदेश ह्याण्डबल संघका अध्यक्ष हुनुहुन्छ ।

साथै, उहाँ युवा तथा खेलकुद मन्त्रालयबाट राष्ट्रिय खेलकुद पत्रकारिता पुरस्कार, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीबाट वर्ष उत्कृष्ट खेल पत्रकारिता अवार्ड, गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार, प्रेस चौतारी पत्रकार सम्मान, नेपाल हवाई खेलकुद संघबाट उत्कृष्ट खेलकुद पत्रकार लगायत विभिन्न संघसंस्थाबाट सम्मानित भइसक्नुभएको छ ।

यसैगरी, क्लबले सहारा उत्कृष्ट सदस्य सम्मानबाट नेहा गुरुङलाई सम्मान गर्ने निर्णय गरेको छ । पोखरा-१७ निवासी गुरुङ जुनियर सदस्यका रुपमा १० वर्षअघि क्लबमा प्रवेश गर्नुभएको थियो । उहाँ क्लबमा रही हरेक गतिविधिमा क्रियाशील रहँदै आउनुभएको छ । हाल उहाँ सिनियर सदस्य हुनुहुन्छ ।

संस्थाको २७ औं वार्षिक साधारणसभा तथा १४ औं अधिवेशन अवसरमा यही भदौ ३० गते पोखरा-१७, दोबिल्लास्थित सूर्यबहादुर केसी स्मृति सहारा आवासीय फुटबल एकेडेमीमा हुने समारोहमा पुरस्कार तथा सम्मान अर्पण गरिनेछ ।

# एभरेष्ट महिला भलिबल लिग खेलमा मधेस, ललितपुर र कर्णालीको जित

पोखरापत्र संवाददाता
पोखरा, २१ भाद्र

पोखरामा जारी एभरेष्ट महिला भलिबल लिग (इडब्लुभी) मा आज सम्पन्न खेलमा मधेस, ललितपुर र कर्णाली विजयी भएका छन् ।

पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्डहलमा आज साँझ सम्पन्न तेस्रो खेलमा मधेस युनाइटेडले घरेलु टोली पोखरा निन्जाजलाई ३-० को सोझो सेटमा पराजित गरेको छ । मधेसले पहिलो र दोस्रो सेट समान २५-१९ र तेस्रो सेट २५-२३ ले जित निकाल्यो । मधेशको यो पहिलो जित हो भने पोखराको दोस्रो हार हो । शनिबार भएको पहिलो खेलमा ललितपुर क्विन्सले काठमाडौँ स्पाईकर्सलाई ३-० सोझो सेटमा पराजित गरेको थियो । ललितपुरले काठमाडौँलाई २५-१९, २५-२३, २५-२१ ले हरायो । ललितपुरको यो लगातार दोस्रो जित हो । यसैगरी आजको दोस्रो खेलमा कर्णाली यशविशले लुम्बिनी लाभाजलाई ३-१ को सेटले राजित गरेको थियो । पहिलो सेट २३-२५ ले गुमाएको कर्णालीले पछिल्ला तीन सेटमा पुनरागमन गर्दै खेल आफ्नो पक्षमा पारेको हो । कर्णालीले दोस्रो सेट २५-२१, तेस्रो सेट २५-१७ र चौथो सेट २५-२२ ले जित निकाल्यो । लिगको तेस्रो दिन आइतबार दुई खेल हुनेछन् । पहिलो खेल मधेस युनाइटेड र काठमाडौं स्पाईकर्सबीच दिउँसो २ बजेबाट सुरु हुनेछ । आइतबारको दोस्रो खेल पोखरा निन्जाज र लुम्बिनी लाभाजबिचको खेल साँझ ४ बजेबाट सुरु हुनेछ । इन्फिनिटी ड्रिम्स प्रालिको आयोजनामा जारी लिग भदौ २८ गतेसम्म सञ्चालन हुनेछ ।

# हिमाली जिल्ला मनाङमा कात्तिक १७ मा उपनिवार्चन हुने

पोखरापत्र संवाददाता
मनाङ, २१ भाद्र

हिमाली जिल्ला मनाङमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ प्रदेशसभा निर्वाचन क्षेत्र (२) को उपनिर्वाचन हुने भएको छ । निर्वाचन आयोगको बिहीबार बसेको बैठकले मनाङ-२ प्रदेशसभा सदस्य रिक्त पदका लागि उपनिर्वाचनको कार्यतालिकासहित जिल्ला निर्वाचन कार्यालयलाई पत्र पठाएको हो ।

उक्त कार्यातालिकाअनुसार २०८२ साल भदौ १३ गतेबाट निर्वाचन अवधि सुरु भएको निमित्त निर्वाचन प्रमुख अधिकृत गोविन्दप्रसाद अर्यालले जानकारी दिनुभयो । विसं २०७९ मङ्सिर ४ गते भएको मनाङ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा (२) मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित हुनुभएका राजीव गुरुङ (दीपक मनाङे) अयोग्य ठरिएपछि उपनिर्वाचन हुने भएको उहाँले बताउनुभयो ।

गुरुङ नेपालको संविधानको धारा १७८ (१) (ङ) बमोजिम तोकिएको योग्यता नभएको तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ को खण्ड (छ) बमोजिम सजाय भुक्तान गरेको मिति छ वर्ष नभएसम्म उम्मेदवार हुन अयोग्य हुने ठहर भएको तथा ऐ. ऐनको दफा १६ बमोजिम आफ्नो पदबाट मुक्त हुने र नेपालको संविधानको धारा १७८ बमोजिम योग्यता नभएका निज प्रत्यर्थीको स्थान ऐ. धारा १८० को खण्ड (ख) बमोजिम रिक्त हुने देखियो भन्ने व्यहोराको सर्वोच्च अदालत, संवैधानिक इजलासबाट २०८२ असार ४ मा फैसला भई नेपालको संविधानको धारा १८० को खण्ड (ख) बमोजिम प्रदेशसभा सदस्यको पद विसं २०८१ कात्तिक २० गतेदेखि रिक्त भएको जनाइएको छ ।

प्रदेशसभाको कार्यकाल छ महिनाभन्दा बढी अवधि बाँकी रहँदै प्रदेशसभाको कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थानमा जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिनेछ भन्ने नेपालको संविधानको धारा १७६ को उपधारा ८ अनुसार उपनिर्वाचनको मिति तोक्नुपर्ने संवैधानिक एवं कानुनी व्यवस्था भएकाले निर्वाचन आयोगको बैठकबाट मनाङ जिल्ला प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ को प्रदेशसभा निर्वाचन क्षेत्र नं २ मा रिक्त गण्डकी प्रदेशको प्रदेशसभा सदस्य पद एकको लागि प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६८ बमोजिम आगामी कात्तिक १७ गते सोमबारका दिन उपनिर्वाचन गर्ने गरी निर्वाचनको मिति तोक्ने निर्णय भएको निमित्त निर्वाचन प्रमुख अधिकृत अर्यालले जानकारी दिनुभयो ।

प्रदेशसभा सदस्यको पद रिक्त भएपछि उपनिर्वाचन हुने तालिकासहित जानकारी प्राप्त भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । साथै आयोगबाट देशभर अद्यावधिक भई २०८२ साल भदौ २५ मा प्रकाशन हुने अन्तिम मतदाता नामावलीलाई नै यस उपनिर्वाचनमा समेत प्रयोग गरिने र मतदाताको उमेर १८ वर्ष पुग्ने निर्दिष्ट यही कात्तिक १६ गतेलाई तोक्ने निर्णयसमेत आयोगबाट जानकारी प्राप्त भएको छ ।

गत निर्वाचनमा जिल्लामा छ हजार ७७९ कुल मतदाता रहेका थिए । कुल मतदातामध्ये चार हजार ८४५ अर्थात् ७१ दशमलव ४७ प्रतिशत मत खसेको थियो भने प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ प्रदेशसभा निर्वाचन क्षेत्र (२) को चार हजार १९७ मतदाता रहेको निमित्त प्रमुख निर्वाचन अधिकृत अर्यालले जानकारी दिनुभयो । गत निर्वाचनमा प्रदेशसभा सदस्य पदमा गुरुङ सर्वसम्मत निर्वाचित हुनुभएको थियो भने प्रतिनिधिसभा सदस्य पदका लागि मात्र मतदान भएको थियो । उम्मेदवारको मनोनयन दर्ताका निम्ति आगामी असोज २१ गते निर्धारण गरिएको कार्यालयले जनाएको छ । त्यसैगरी भदौ २० मा निर्वाचन अधिकृतको कार्यालय स्थापना, असोज २५ मा निर्वाचन अधिकृतको कार्यालयबाट उम्मेदवारको अन्तिम नामावली र चिह्न वितरणको विवरण प्राप्ति, कात्तिक ११ गते मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीको नियुक्ति गर्ने तालिका निर्धारण गरिएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्वर

## सम्पादकीय

# अवरुद्ध सडक खुलाउन लाग

नेपाल-चीनबीचको उत्तरी नाका तातोपानी क्षेत्रमा पहिरोका कारण सडक अवरुद्ध हुँदा चीनबाट भित्रिएका दशैंका सामग्रीहरू आयात हुन सकेको छैन । भोटेकोशी गाउँपालिका-२ इको क्षेत्रमा साउन १८ गते खसेको ठूलो पहिरोका कारण अवरुद्ध भएको अरनिको राजमार्ग अझै पूर्णरूपमा सञ्चालन हुन सकेको छैन । सडक अवरुद्धका कारण व्यवसायीहरूले आयात गरेको दशैंका सामग्रीहरू भित्रन सकेका छैनन् । सडक नखुल्दा दसैं र तिहार लक्षित सामग्री काठमाडौं ल्याउन पाइएको छैन। सडक बन्द भएपछि करिब एक हजार सात सय कन्टेनर तातोपानी क्षेत्र चिनियाँ भूभागमा रोकिँदा व्यापारी मर्कामा परेका छन् । हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीका अनुसार तातोपानीमा एक हजारभन्दा बढी कन्टेनर रोकिएको छ। 'दशैं तिहारलाई आयात गरेको सामान दशैंपछि आएर कुनै फाइदा छैन। तातोपानी नाकाको जम्मा ३० मिटर पहिरो हो जसरी पनि हटाएर राजमार्ग खुलाउनुपर्छ। वाणिज्य संघले ल्हासास्थित महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलासँग कुरा गरेर चिनियाँ पक्षलाई नेपाल पठाउने कन्टेनर संख्या वृद्धि गर्न अनुरोध गरेको छ । खासा भन्सारले कन्टेनर संख्या बढाउने भने पनि नेपालतर्फ तातोपानीमा पहिरोले सडक अवरुद्ध भएकाले आयातमा समस्या देखिएको छ ।

तातोपानी भन्सारका सूचना अधिकृत सूर्य काफ्लेले इको पहिरो ठीक हुनासाथ चिनियाँ पक्षले कन्टेनर संख्या बढाउने तयारी गरेको छ । पहिरो पन्छिना साथ दैनिक २० वटासम्म कन्टेनर पठाउने कुरा भएको छ । दैनिक २० वटा पठाउँदा पनि दशैंलक्षित सामान समयमा नआइपुग्ने अवस्था छ। दशैंको १० दिनअघि मालसामान काठमाडौं पुगे मात्रै ती सामग्री उपभोक्तासम्म पुग्न सक्छ । तीन साता पूर्ण रुपमा बन्द भएको कोदारी सडक खण्डको पहिरोस्थल गएको बिहीबार चार दिन सञ्चालनमा आएको थियो । आइतबारसम्म खुलेको इको पहिरो त्यसैरात पुनः पहिरो आएपछि बन्द भएको थियो। आइतबारदेखि हालसम्म इको पहिरो सडक सञ्चालनमा आउन सकेको छैन । पहिरो गएपछि सामग्री बोकेका कन्टेनर तातोपानी क्षेत्रमा रोकिएका थिए ।

सडक नखुल्दा फलफूल लोड भएर बसेका कन्टेनर चीनमा अड्किएका छन्। कतिपय नेपाल नै आइसकेको छ। व्यवसायीले कन्टेनरबाट फलफूल बोकाएर पहिरो पार गर्न थालेका छन्। स्याउ, आँप, अङ्गुर, लसुन, प्याजलगायत कुहिन थालेपछि कन्टेनरबाट पल्टी गरेर सामान भन्सार यार्डमा राखिएको छ । सडक बन्द हुँदा सीमा क्षेत्रमा रोकिएका स्याउ, नास्पाती, अंगूर, लसुन, प्याजलगायतका फलफूलजन्य वस्तु पहिरो क्षेत्रबाट भरियामार्फत भन्सारसम्म ल्याइएको थियो । 'कुहिने फलफूलजन्य वस्तुहरू व्यापारीले भरियालाई बोकाएर भन्सार जाँचपासका लागि ल्याएका थिए। ' सडक नखुलेसम्म दशैंका सामान भित्रन सक्ने देखिँदैन ।' हालसम्म करिब १ सय कन्टेनर बराबर फलफूल भरियालाई बोकाएरै ल्याइएको भन्सार स्रोतले जनाएको छ ।

चीनको ल्हासा, सिँगात्से, न्यालाममा मालवस्तु बोकेका कन्टेनर थन्किएको सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले जानकारी दिए। उनले कन्टेनर उतै अड्किएक कारण व्यवसायीलाई थप आर्थिक भार परेको बताए । व्यवसायीका सामग्री रोकिएकाले यता ऋण गरेको भार बढेको उनको भनाइ छ। रसुवाको केरुङ नाका बन्द भएपछि चीनबाट आउने सामान तातोपानी नाका हुँदै आउने गरेका छन् । नेपाल तर्फको इकोमा पहिरो जाँदा सो सडक खण्ड पटक-पटक खुल्ने र बन्द हुने भइरहेको छ। सो नाका हुँदै सामान आयात गरेका व्यापारीहरू समयमै सामान ल्याउन नसक्दा तनावमा छन्। 'चीनबाट आयात गरेका सामान बाटोमै अलपत्र छ', नेपाल हिमालय सिमापार वाणिज्य संघका उपाध्यक्ष सुजित बस्नेतले भने- 'सरकारको लापरवाहीको पराकाष्ठा बाटो २ दिन खुलेर १० दिन बन्द हुने गरेको छ ।'

चाडवाडको मुखमा बाटो सुचारु हुन नसक्दा चीनबाट आयात हुने खाद्यान्न तथा लुगाफाटो नेपाली बजारमा आई पुग्न सकेको छैन। ल्हासादेखि तातोपानी नाकासम्म १ हजार ७ सय भन्दा बढी कन्टेनर नेपाल प्रवेशका लागि लाममा बसेको छाल्हासा देखि तातोपानी बोर्डरसम्म १ हजार ७ सय सय कन्टेनर लाममा छ'। 'केरुङमा ६ सय कन्टेनर बाटो खुल्ने प्रतिक्षामा छन्।' प्राविधिक टोलीले पहिरो स्थलको निरीक्षणपछि ड्रिलिङ मेसिनमार्फत पहिरोभित्र थुनिएको पानी बाहिर निकाल्ने काम सुरु गरिएको भए पनि निरन्तर बगेको लेदोषीहतको पहिरोका कारण सडक सञ्चालनमा ल्याउन सकिएको छैन । तातोपानी नजिकैको इको क्षेत्रमा पहिरोले २ सय ५० मिटर सडकमा क्षति पुऱ्याएको छ । जसमध्ये ५० मिटर खण्ड पूर्ण रूपमा क्षतिग्रस्त बनेको छ । चीनबाट विशेषगरी विद्युतीय सवारीसाधन, इलेक्ट्रोनिक वस्तु र लत्ताकपडा जस्ता वस्तु आयात हुने गरेको छ ।

चीनबाट आउने वस्तु विशेषगरी दशैं-तिहारलाई आवश्यक पर्ने वस्तु हुन् । दशैं-तिहार देखि चिसोलाई आवश्यक पर्ने लुगाकपडा खरिद गर्न अहिले धेरै व्यापारी चीन पुगेका छन्। तर, छिटो सामान आयात हुने उत्तरी नाका बाढीपहिरोका कारण एक महिनादेखि बन्द भएपछि व्यापारीहरू चिन्तित बनेका छन् । सरकारले चाडपर्वमा जनताको सहज आवतजावत र मालसामान ढुवानीका लागि दिन तोकेर होइन घण्टा तोकेर काम अघि बढाउनु आवश्यक छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# डेङ्गी सङ्क्रमणको जोखिम कायमै छ सचेत रहनुहोला

**रासस**
काठमाडौं, २१ भाद्र

काठमाडौंमहानगरपालिकाले डेङ्गी सङ्क्रमणको जोखिम आगामी कात्तिकसम्म रहने भएकाले थप सचेत रहन आग्रह गरेको छ । पछिल्लो समय कामपाको ३२ वटै वडामा डेङ्गीका बिरामी बढेका कामपा स्वास्थ्य विभागले जानकारी दिएको छ।

भदौदेखि आगामी कात्तिकसम्म डेङ्गी सङ्क्रमणको जोखिक बढी रहेकाले कामपाले थप सचेत रहन आग्रह गरेको हो । पछिल्लो समय कामपा डेङ्गी सङ्क्रमित पनि बढिरहेकाले यसले महामारीको रूप समेत लिन सक्ने भन्दै कामपाले अलि बढीनै सचेत रहन आग्रह गरेको कामपा स्वास्थ्य विभागका महामारी रोग रोकथाम तथा नियन्त्रण फोकलपर्सन ऋषिप्रसाद भुसालले जानकारी दिनुभयो ।

भुसालका अनुसार, स्थानीय सरकार वा केन्द्रीय सरकारले उक्त रोग नियन्त्रणका लागि यो गरे वा गरेनभन्दा पनि प्रत्येक नागरिकले घरघरबाट डेङ्गी सङ्क्रमण नियन्त्रणको लागि पहल गरे ठूलो समस्याको सामना गर्नुगर्दैन त्यसैले यसको लागि नागरिक आफैं पनि जिम्मेवार बन्न आवश्यक छ । भुसालका अनुसार कार्यक्रममा लामखुट्टे बस्ने स्थानहरू नष्ट गर्ने, माइकिङ गर्ने, नगरवासीलाई सचेत गराउने काम समेत भइरहेको छ । कामपाले यसअघिबाट नै लामखुट्टेको वासस्थान खोज र नष्ट गर अभियान सञ्चालन गर्दै आएको छ । पानी जम्ने ठाउँमा लामखुट्टेले लार्भा बनाउने भएकाले पानी जम्न नदिन र निरन्तर सरसफाइको लागि जनचेतनामूलक अभियान जारी राखिएको भुसालले जानकारी दिनुभयो।

डेङ्गीको जोखिम कम गर्न र सावधानी अपनाउन समुदायमा पुगेर सचेतना जगाउने काम भइरहेको छ । "घरमा भएका गमला, ड्रम, तथा सफा पानीमा डेङ्गीको लार्भा छन् । घरभित्रनै लामखुट्टे उत्पादन गर्ने कारखाना भइसकेको छ", भुसालले भन्नुभयो, "सामान्य जानकारी नहुँदा डेङ्गी फैलिरहेकाले छ। यसलाई नियन्त्रण गर्न खोज र नष्ट गर अभियान सबैभन्दा उत्तम हुन्छ।" त्यसका साथै स्कुल-स्कुलमा पुगेर बालबालिकामार्फत डेङ्गी नियन्त्रणका लागि सचेतनाको कार्यक्रम कामपाले गरिसकेको छ। डेङ्गी भाइरसद्वारा सङ्क्रमित एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्दछ । यो रोग सार्ने लामखुट्टे ग्रामीण क्षेत्रमा भन्दा सहरी क्षेत्रमा बढी पाइने गर्छ । यो लामखुट्टे सफा पानी जमेको स्थानमा फुल पार्ने गर्छ । विशेषगरी, वर्षाको पानी जम्ने जथाभावी फालेका बोतल, टिनका भाँडा, थोत्रो टायर, अलकत्रा वा मट्टितेलका खाली ड्रम, गमला, पानीका ट्याङ्की आदिमा यसले फुल पार्छ ।

# मनाङ सिडिओ पौडेलद्वारा निर्वाचन सुरक्षामा ध्यान दिन निर्देशन

**रासस**
मनाङ, २१ भाद्र

प्रमुख जिल्ला अधिकारी (सिडिओ) नवराज पौडेलले आसन्न निर्वाचनको सुरक्षा तयारी एवं शान्ति सुरक्षामा विशेष ध्यान दिन निर्देशन दिनुभएको छ। उहाँले मातहतका कार्यालय निरीक्षणका क्रममा त्यस्तो निर्देशन दिनुभएको हो।

जिल्ला प्रहरी कार्यालय र चामेस्थित सशस्त्र प्रहरी बल नेपाल नं ३२ गुल्म हेडक्वाँटरको निरीक्षणका क्रममा सिडिओ अधिकारीले आसन्न निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सबै निकाय दत्तचित्त भएर लाग्नुपर्नेमा जोड दिनुभएको हो । निरीक्षणमा नवनिर्मित भवनमा रहेका प्रशासन, अपराध अनुसन्धान, प्रबन्ध, सञ्चार, महिला तथा बालबालिका, अन्वेषण तथा योजना शाखा, नागरिक सहायता कक्ष, हिरासत कक्ष, प्रहरी ब्यारेक र कर्मचारीको अवस्थाबारे जानकारी लिनुभएको छ । प्रहरी नायब उपरीक्षक हरिप्रसाद पौडेलले जिल्लाको शान्ति सुरक्षा, अपराध अनुसन्धान, अभिलेख व्यवस्थापन, विपद् व्यवस्थापन, ट्राफिक व्यवस्था र निर्वाचन सुरक्षाबारे विस्तृत प्रस्तुति दिनुका साथै निर्वाचनको तयारीका बारेमा जानकारी गराउनुभएको थियो । निरीक्षणका क्रममा सिडिओ पौडेलले निर्वाचनमा शान्ति कायम गर्न र मतदाताको मनोबल उच्च राख्नका लागि निरन्तर लाग्न सुरक्षा निकायलाई निर्देशन दिनुभयो । उहाँले आसन्न मनाङ जिल्ला प्रतिनिधिसभा क्षेत्र नं १ को प्रदेशसभा निर्वाचन क्षेत्र (२) उपनिर्वाचनका लागि सुरक्षा योजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । त्यसैगरी, उहाँले अपराध नियन्त्रण, विपद् व्यवस्थापन, आत्महत्या तथा लागुपदार्थ न्यूनीकरण, आइसिटीको प्रयोग, पर्यटक सुरक्षा र विकास निर्माण सहजीकरणमा विशेष जोड दिनुपर्ने बताउनुभयो । प्रहरी कर्मचारी अनुशासित, व्यावसायिक र उच्च मनोबलका साथ जिम्मेवारी निर्वाह गरिरहेको प्रमुख जिल्ला अधिकारी पौडेलको भनाइ थियो । प्रजिअ पौडेलले सशस्त्र प्रहरी बल नेपाल नं ३२ गुल्मको पनि निरीक्षण गर्नुभएको छ । निरीक्षणमा प्रशासन, तालिम, सञ्चार, आर्थिक प्रशासन, कार्य/सीमा शाखा, ब्यारेक र अन्य संरचना अवलोकन गर्नुभएको थियो । सशस्त्र प्रहरी नायब उपरीक्षक ध्रुव रेग्मीले जिल्लाको समग्र सुरक्षा अवस्था, प्रशासनिक तथा अपरेसनल गतिविधि, विपद् व्यवस्थापन रणनीति, सीमा सुरक्षासम्बन्धी चुनौती, भावी योजना तथा निर्वाचन विशेष सुरक्षा योजनाबारे विस्तृत जानकारी प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा जिल्ला अधिकारी पौडेलले सशस्त्र प्रहरीको कार्य अनुशासित, व्यावसायिक र व्यवस्थित रहेको मूल्याङ्कन गर्दै आसन्न उपनिर्वाचन सुरक्षामा प्रभावकारी भूमिका रहने विश्वास व्यक्त गर्नुभएको थियो ।

# स्याङ्जाका दर्जनौ घरजग्गा बैंक र सहकारीको नाममा

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २१ भाद्र

स्याङ्जामा बैंक तथा वित्तिय संस्थाहरुले गरेको लगानी उठाउन सक्रिय देखिएका छन् । अनुत्पादकमा लगानी गरेर कर्जा असुलीमा अफठ्यारो भोग्दै आएका बैंक तथा वित्तिय संस्थाहरुले लगानी असुलीमा सक्रियता देखाएका हुन् ।

धितो सुरक्षण राखेर लगानी गरेका बैंक तथा वित्तिय संस्थाहरुले असुलीमा समस्या हुने देखेपछि लिलामी गरेर भएपनि धमाधम घरजग्गा सकार्ने काममा लागिरहेका छन् । जिल्लाभर बाणिज्य बैंक, विकास बैंक, फाइनान्स, लघुवित्त र बचत तथा ऋण सहकारीहरुले कर्जा लगानी गर्दै आएका छन् । यसको तथ्याङ्क हेर्ने हो भने झण्डै २ सय भन्दा माथी वित्तिय संस्थाहरुले अर्बौ लगानी गरेको पाइन्छ । जिल्ला मालपोत कार्यालय स्याङ्जा र मालपोत कार्यालय वालिङको तथ्याङ्क हेर्दा आर्थिक बर्ष २०८१/०८२ मा बैंक तथा सहकारीहरुले २१ ओटा घरजग्गा धितो लिलामगरी आफै सकारेको देखिएको छ। एकबर्षको अवधीमा २१ घरजग्गा धितो सकारेका बैंकहरुको लामो तथ्याङ्क हेर्ने हो भने जिल्लाभर सयौं घरजग्गा बैंक र सहकारीको नाममा रहेको हुन सक्ने अनुमान गरिएको छ । गत आर्थिक बर्षमा ४ ओटा बैंक र ४ ओटा सहकारीले धितो लिलाम गरी घरजग्गा सकारेका छन् । घरजग्गा सकार्नेमा नेपाल इन्भेष्टमेन्ट बैंक, कामना सेवा विकास बैंक, मुक्तिनाथ विकास बैंक, ज्योति विकास बैंक, आई सिं एण्ड सिं फाईनान्स रहेका छन् भने सहकारीहरुमा उपकार बचत तथा ऋण सहकारी, शुभलक्ष्मी बचत तथा ऋण सहकारी, गाउँले बचत तथा ऋण सहकारी, ग्रामिण कृषि सहकारी, ईनर्जेटिक बचत तथा ऋण सहकारी रहेका छन् । बैंक र सहकारीले लिलामी बढाबढ सूचनाको आधारमा केही धितो जग्गा भने व्याक्तिले सकारेको मालपोतको तथ्याङ्कबाट देखिएको छ । नेपाल ईन्भेष्टमेन्ट बैंकले ३, मुक्तिनाथ विकास बैंकले ३, ज्यातिे विकास बैंकले ४, कामना सेवा विकास बैंक, आई सिं एण्ड सिं फाइनान्स र ऋण असुली न्यायीधिकरणले एक–एक ओटा धितो लिलाम गरेका छन् । यसैगरी गाउँले बचत तथा ऋण सहकारीले ३, उपकार बचत तथा ऋण सहकारी, शुभलक्ष्मी सहकारी, ग्रामिण कृषि सहकारी, इनर्जेटिक सहकारी र ग्रामिण सहकारीले एक–एकवटा धितो लिलाम गरेका छन् । बैंक र सहकारीले धितो लिलाम गरी सकारेबापत लाभकर १ करोड ४८ लाख २ हजार ४ सय १ संकलन भएको छ। घरजग्गा लिमाली प्रक्रियामा गएपछि बैंक र सहकारीहरु ऋण असुलीमा आक्रमक देखिएको यो तथ्याङकले देखाउछ । बैकिङक प्रतिस्पर्धाका कारण कुनै कार्ययोजना नवनाई नागरिकलाई कर्जा लगानी गर्दा ऋणिलाई तिर्नेबेला समस्या हुदै आएको छ । लगानी गर्दा एउटा व्याजदर कायम गरिदिने र केही समयपछि पुन अर्को व्याजदर कायम गरिदिदा पनि ऋणीले साँवाव्याज तिर्न नसकेको गुनासो गरिरहेका छन्। अनुत्पादकमा लगानी र ऋणीलाई साँवाव्याज तिर्ने वातावरण बित्तिय क्षेत्रले नवनाउदा धेरै नागरिकको घरवास समेत गुम्ने खतरा बढेको छ । मालपोत कार्यालय स्याङ्जा र वालिङमा विभिन्न वित्तिय संस्थाहरुले २२६३ घरजग्गा रोक्का राखेका छन् । लगानी गर्दा धितो सुरक्षणका लागि सम्पति राख्ने कानुनी मान्यता पाएपछि वित्तिय संस्थाले आर्थिक बर्ष २०८१/०८२ मा सहकारीले १ हजार २ सय ६, बैंकले १ हजार २५ र अन्यले २३ घरजग्गा रोक्का राखेर कर्जा लगानी गरेका छन् । घरजग्गा रोक्का राखे बापत मालपोत कार्यालयले ८८ लाख १९ हजार ५ सय रकम राजस्व संकलन गरेको जनाएको छ। गत आर्थिक बर्षमा भन्दा चालु आर्थिक बर्षमा लिलामी हुने संख्या अझै बढ्न सक्ने बताइएको छ।

# खौलालाँकुरी पोखरा सम्पर्क समाजको रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भाद्र




खौलालाँकुरी पोखरा सम्पर्क समाजले शनिवार पोखरामा आयोजना गरेको रक्तदान कार्यक्रममा ४८ युनिट रगत संकलन भएको छ।

समाजले गत वर्षदेखि रक्तदान कार्यक्रम सुरु गरेको छ । सोही कार्यक्रमलाई निरन्तरतादिदैयसवर्षपनिरक्तदानको आयोजना गरेको हो । समाज पर्वतको कुश्मा नगरपालिका-१३ खौलालाँकुरीमा जन्मेर पोखरा आई बसेकाहरुको एउटा साझा संस्था हो । रक्तदान कार्यक्रमको पोखरा महानगरपालिका-८ का वडाध्यक्ष रुद्रनाथ बरालले पहिलो रक्तदाता समाजका संस्थापक सहसचिव प्रकाश सुवेदीलाई ब्लड बैंक हस्तान्तरण गरी सुभारम्भ गर्दै समाजले सामाजिक क्षेत्रमा गर्दै आएको कामको प्रशंसा गरे । साथै सामाजिक कामलाई निरन्तरता दिनुपर्नेमाम जोड पनि उनले दिए । 'रक्तदान जस्तो जीवन दानको अभियान सञ्चालन गर्नु ठूलो पुण्यको काम हो', वडाध्यक्ष बरालले भने, 'यस्ता सामाजिक कामहरुलाई समाजले निरन्तरता दिइरहोस् । मेरो सधै साथसहयोग रहनेछ ।' समाजका अध्यक्ष पिताम्बर पौडेलले सम्पूर्ण रक्तदाताहरुलाई धन्यवाद दिदै आगामी दिनमा पनि सहयोगको अपेक्षा गरे । मन, वचन र कर्मले सहयोग गरेमा सामाजिक कामले सार्थकता पाउने भन्दै उनले समाज निरन्तर रुपमा सामाजिक गतिवविधिमा सक्रिय भएको र समाजका सदस्यहरुको सहयोगले सबै कार्यक्रमहरु सफल हुँदै गएको बताए । समाजका वरिष्ठ उपाध्यक्ष एवं रक्तदान कार्यक्रमका संयोजक लालप्रसाद शर्माले स्वागत गर्दै संस्थाको परिचय दिएका थिए । उनले समाजले आगामी वर्षहरुमा पनि रक्तदान कार्यक्रमलाई निरन्तरता दिइने बताए । समाजका संस्थापक अध्यक्ष टंकबहादुर कार्की क्षेत्रीले समाज स्थापना भएको छोटो अवधिमै विभिन्न सामाजिक काम गर्दै अगाडि बढ्न सकेकोमा खुशी व्यक्त गरे । सल्लाहकार दुर्गाराज सुवेदीले समाजले सराहनीय कार्यहरु गर्दै आएको भन्दै सबै साथसहयोगले नै यो संभव भएको बताए। कार्यक्रममा स्केटीङका राष्ट्रिय खेलाडी आशिष श्रेष्ठलगायतले रक्तदान गरेका थिए। कार्यक्रमको सञ्चालन समाजका सचिव प्रेम सुवेदीले गरेका थिए ।

# पक्की सडक निर्माण

**रासस**
म्याग्दी, २१ भाद्र

गण्डकी प्रदेशमा आर्थिक वर्ष २०८१/०८२ मा २४५ किलोमिटर सडक कालोपत्रे र ढलान भएको छ।

आर्थिक वर्ष २०८१/०८२ को सहित विसं २०७४ मा प्रदेश सरकार स्थापना भएयता एक हजार १४६ दशमलव ८८ किलोमिटर सडक कालोपत्रे र ढलान भएको भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सिनियर डिभिजनल इञ्जिनियर डा महेन्द्र बानियाले प्रदेश सरकारले गत वर्ष सम्पन्न भएका ११ वटा सहित ११२ वटा सडक पुल निर्माण गरेको जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्षको ६६ दशमलव ७३ किलोमिटर सहित हालसम्म ७६२ दशमलव ७३ किलोमिटर सडक ग्राभेल भएको छ। गत वर्षको पाँच वटासहित ८७ वटा झोलुङ्गे पुल र ३९ वटासहित ६७ वटा भवन निर्माण तथा मर्मत भएको बानियाले बताउनुभयो । गत आर्थिक वर्षमा रु १२ अर्ब ७१ करोड आठ लाख ६९ हजार बजेट बिनियोजन गरेको मन्त्रालयले ७६ दशमलव ५२ प्रतिशत अथवा रु नौ अर्ब ७२ करोड ६७ लाख ३७ हजार खर्च गरेको छ । भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्री प्रकाशबहादुर केसीले मन्त्रालयले पछिल्लो पाँच वर्षयताकै धेरै बजेट खर्च गरेको बताउनुभयो । यस वर्ष पुराना योजनालाई पूर्णता दिन बहुवर्षीय योजनालाई प्राथमिकता दिएर बजेट बिनियोजन गरेको उहाँले बताउनुभयो । मन्त्रालयले गत वर्ष रु चार अर्ब २७ करोड ६५ लाख ५६ हजार लागत अनुमान गरिएको ४७ सडक, १३ सडक पुल, १३ झोलुङ्गे पुल र एक वटा भवन निर्माणका लागि गत वर्ष बहुवर्षीय ठेक्का लगाएको छ । आर्थिक वर्ष २०८१/०८२ मा ६३ वटा बहुवर्षीय योजना सम्पन्न भएका छन् । हाल २७१ बहुवर्षीय योजना निर्माणाधिन छन् । निर्माणाधिनमध्य १८६ प्रदेश सडक, चार सङ्घीय सडक, डिजाइन एण्ड बिल्ड माध्यमबाट निर्माण गर्नेगरी ठेक्का लागेका सात र तीन वटा सङ्घीयसहित ६६ वटा सडक पुल, १२ वटा झोलुङ्गे पुल र तीन वटा भवन छन् । मन्त्रालयले सञ्चालन गरेका २० योजना समस्याग्रस्त छन् । बहुवर्षीय योजनामा रु १० अर्ब १५ करोड ८१ लाख ७४ हजार दायित्व रहेकोमा आर्थिक वर्ष २०८२/०८३ मा रु चार अर्ब ७७ करोड ८३ लाख ३४ हजार बिनियोजन भएको छ।

# गोरखा मिलन समाजको चित्रकला तथा वक्तित्वकला प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, २१ भाद्र




गोरखा मिलन समाज पोखराले आफ्नो स्थापना दिवसको अवसरमा चित्रकला तथा वक्तित्वकला प्रतियोगीता गरेको छ।

गोरखाबाट पोखरा आई अध्ययन गर्ने बिद्यार्थीहरुबीच समाजको २७ औं बार्षिकोत्सवको आवसरमा विन्ध्यश्वरी आदर्श बोडिङ स्कुलमा उक्त प्रतियोगीता सम्पन्न भएको हो । चित्रकला प्रतियोगीतामा जुनियर तर्फबाट सुमिना सिंखडा प्रथम, लुयना गुरुङ द्धितीय, सुजिता बयलकाटी तृतीय र नमिक भुजेल, यार्जा राना मगर र लुना गुरुङ सान्त्वना भए । चित्रकला सिनियर तर्फ भने विवेक गिरी प्रथम, प्रिशा गौतम द्धितीय र कृतन घले तृतीय भए । वक्तित्वकलाको लागी हाम्रो 'गोरखा हाम्रो गौरव'को शिर्षक दिईएको थियो । उक्त शिर्षकको आधारमा भएको प्रतिस्प्रर्धामा सन्जु सुर्खेती प्रथम, प्रवेश थापा द्धितीय र रोशन कार्की तृतीय भएका थिए । कार्यक्रममा प्रमुख अतिथी उर्जा जलस्रोत तथा खानेपानी मन्त्री फणिन्द्र देबकोटाले गोरखाको माटो र गोरखालाई माया गर्नेहरुको समाज भएकाले यो समाजले गर्ने हरेक कार्यक्रमहरु बिशेष हुने बताउनुभयो । गोरखाबाट पोखरा विभिन्न पेशा व्यवसाय तथा अध्ययनका लागी आएकाहरुको प्रतिभा देख्दा निकै खुसी लागेको बताउनुभयो । गोरखाको बिषयमा बिद्यार्थी भाईबहिनीहरुले बोल्दै गर्दा गोरखाको महत्व साथै यसको गरिमालाई झन उचाईमा पुर्याएको महसुस गरेको बताउनुभयो । उहाँले भन्नुभयो, गोरखाबाट हामी पोखरा आए पनि मातृभूमीको माया र समर्पण सधै गाढा रहने छ। कार्यक्रम संयोजक तथा समाजका पूर्व अध्यक्ष कृष्ण कुमार श्रेष्ठले समाजको २७ औं बार्षिकोत्सवको अवसरमा आयोजित यस प्रकारका कार्यक्रमले बिद्यार्थीको प्रतिभा प्रस्फुटनमा ठूलो सहयोग गर्ने बताउनुभयो । बिद्यार्थीहरुले चित्रकलामा समेत गोर्खाली भाव झल्कने चित्र बनाउनुले गोरखा प्रतिको माया र स्मरण बाल बच्चाहरुमा समेत रहेको बताउनुभयो। कार्यक्रम समाजका महासचिव शितल श्रेष्ठ संचालन गर्नुभएको थियो भने, अध्यक्षता समाजका अध्यक्ष अग्रिम श्रेष्ठले गर्नुभएको थियो।

# चापापानी सिद्धार्थ सहकारी संस्थाको साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २१ भाद्र



पोखरा १२ पुरानोधारामा रहेको चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १६ औ साधारणसभा तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

साधारण सभामा वोल्दै प्रमुख अतिथि भूमी, कृषि तथा सहकारी मन्त्रालय सहकारी रजिष्टारको कार्यालय गण्डकी प्रदेशका सूचना अधिकारी चोलाकान्त वाग्लेले अहिले अवस्थामा सहकारीलाई राम्रो र हाम्रो बनाउने हो भने वित्तीय सूचकाङ्क मासिकरुपमा नियाल्न सेयर सदस्यलाई आग्रह गर्दे वाग्लेले चापापानी सहकारीको वितिय अवस्था हेर्दा सहकारी निकै मजबुत रहेको बताए । कार्यक्रमा बिशेष अतिथि पोखरा महानगरपालिका २८ का वडा अध्यक्ष श्रीकृष्ण लामिछानेलेबजारमासहकारीहरूको नकारात्मक प्रचार भइरहेको स्मरण गर्दै समुदायको उन्नति र प्रगतिको साथी भनेको सहकारी बन्न सक्नुपर्नेमा जोड दिए। चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाका प्रमुख संरक्षक तथा संस्थापक अध्यक्ष नरेश बहादुर कार्कोले चापापानी सिद्धार्थ सहकारी संस्था कास्कीका औलामा गनिने सहकारीहरु मध्यमा चिनिने सस्था भएकोले सहकारीका सदस्यहरुले आफ्नै सहकारीमा आर्थिक कारोबार गरी संस्थालाई बलियो बनाउनुपर्ने बताए। सहकारीका अध्यक्ष दिपक कार्कीले अहिलेको विषम परि स्थितिमा विभिन्न सहकारीहरूले साधारणसभासमेतगर्ननसकिरहेको अवस्थामा चापापानी सिद्धार्थ सहकारीले आफ्ना शेयर सदस्यहरूलाईराम्रोमुनाफादिईरहेको बताए।कार्यक्रममासयपत्रीसहकारी संस्थाका अध्यक्ष टिका बहादुर कार्की, पोखरापत्र दैनिकका सहसम्पादक शोभकान्त सिग्देल संस्थाका सल्लाहकार डा. नगेन्द्र भण्डारी लगायतले बोलेका थिए। सहकारीकाअध्यक्षदिपककार्कीले अध्यक्षको प्रतिवेदन, सचिव ईन्दिरा कोइरालाले सचिवको प्रतिवेदन सहकारीकी व्यवस्थापक करूणा शाही कार्कीले सहकारीको वित्तीय अवस्था, ऋण लगानी समितिका संयोजक गुप्त बहादुर कार्कीले ऋण लगानीको प्रतिवेदन, लेखा सयोजक चित्र प्रसाद दाहालले लेखा समितिको प्रतिवेदन, कोषाध्यक्ष इन्द्रदत्त बरालले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए।

सहकारीका उपाध्यक्ष श्याम प्रसाद साँखीले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रममा सहकारीका शिक्षा उपसमितिका संयोजक मनोहरि पौडेलले सहकारीका सात सिद्धान्त पढेर सुनाएका थिए । कार्यक्रममा सहकारीमा उत्कृष्ट कारोवार गर्ने शेयर सदस्य, उत्कृष्ट बचतकर्ता त्यसैगरी शेयर सदस्यका छोरा छोरीहरु मध्य एसईई, प्लस टु मा, स्नातक, स्नातकोत्तर उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीलाई सम्मान गरीएको थियो। सहकारीका अध्यक्ष दिपक कार्कीको अध्यक्षतामा भएको उक्त कार्यक्रम सचिव ईन्दिरा कोइरालाले संचालन गरेकी थिइन्।

# मुक्तिनाथद्धारा ५५ लाखको सुन्तलाका बिरुवा बिक्री

पोखरापत्र संवाददाता
स्याङ्जा, २१ भाद्र



मुक्तिनाथ कृषि कम्पनीले ५५ लाख बराबरको सुन्तलाका बिरुवा बिक्री गरेको छ । स्याङ्जाको आँधीखोला गाउँपालिका-६ फापर थुममा अनुसन्धान तथा नर्सरी केन्द्र (फर्म) बनाएको कम्पनीले आर्थिक वर्ष २०८१/०८२ मा झण्डै ५५ लाखका २५ हजार सुन्तलाको बिरुवा बिक्री गरेको हो।

फर्मबाट सुन्तलाका प्रतिबिरुवा करिब २२० रुपैयाँमा बिक्री वितरण गर्दै आएको कम्पनीले पछिल्लो ३ वर्षदेखि व्यावसायिक रुपमा सुन्तलाजन्य बिरुवा उत्पादन गर्दै आएको छ। नर्सरीमा हाल 'स्याङ्जा स्थानीय, खोको स्थानीय र बाँसखर्क स्थानीय' गरि ३ जातका सुन्तला र सुनकागतीका कलमी बिरुवा उत्पादन गर्दै आएको कम्पनीले जनाएको छ। मुक्तिनाथ कृषि कम्पनीको फर्ममा तयार कलमी बिरुवा छिटो उत्पादन दिने र गुणस्तरीय रहेको स्थानीय सुन्तला उत्पादक कृषक जितेन्द्र ठकुरीले बताए । सुन्तलाका बिरुवा तयार गरेकै वर्ष लगाएको बोटले उत्पादन दिन थालेको ठकुरीले सुनाए । फर्ममा उत्पादित बिरुवा स्याङ्जाका साथै तनहुँ, पाल्पा, गोर्खा, पर्वत, धरान धनकुटा लगाएतका जिल्लामा निकासी हुँदै आएको छ। कम्पनीले उत्पादन गरेका बिरुवा कृषकबीच लोकप्रिय बनेसँगै फर्मको उत्पादन क्षमता बृद्धि गरिएको कम्पनीका क्षेत्रिय कार्यालय पोखराका प्रमुख नगेन्द्र पौडेलले बताए । गत वर्ष २५ हजार बिरुवा उत्पादन गरेको फर्ममा बिक्रीका लागि हाल ६५ हजार सुन्तलाका बिरुवा तयार छन्। चालु आर्थिक वर्षभित्र एक लाख बिरुवा उत्पादन गर्ने लक्ष्य राखिएको प्रमुख पौडेलले जानकारी दिए। ३५ रोपनी जग्गा भाडा लिएर सुन्तला र कागतीका बिरुवा उत्पादन गरिदै आएको छ । जग्गाको अधिकांश भागका टनेल प्लाष्टिकभित्र बिरुवा उत्पादन भएको नर्सरीमा करिब एक दर्जन युवायुवतीले प्रत्यक्ष रोजगार पाएका छन् । गण्डकी प्रदेशमा क्रियाशिल नाफा परियोजनासँग सहकार्य गर्दै बिरुवा उत्पादन गरेको कम्पनीले चालु वर्षमै बिरुवा बिक्री वितरणबाट एक करोड मुल्य बराबरको आर्थिक कारोबार गर्ने जनाएको छ। कम्पनीले स्याङ्जा, चितवन र धनकुटामा कृषकको माग र भूगोल सुहाउँदो विभिन्न जातका बिरुवा उत्पादन गर्दै आएको छ। स्याङ्जामा सुन्तला र कागतीको बिरुवासँगै लहरे तरकारी बालीको बीउ उत्पादन परिक्षण गरिरहेको छ । कम्पनीले सरकारी निकाय, परियोजना, कृषकसँग बीउविजन व्यवस्थापन, उत्पादित वस्तुको बजारीकरणमा सहजीकरण गर्दै आएको बताएको छ।

झण्डै दुई हजार २५० हेक्टरमा सुन्तला खेती गर्दै आएका कृषकहरुले गएकै वर्ष १५० हेक्टर जमिनमा सुन्तला खेती थपेका छन्। उत्पादन छिटो दिने र गुणस्तरीय बिरुवा पाउन थालेपछि सुन्तला खेती थपेको कृषक बताउँछन् । जिल्लामा मुक्तिनाथसँगै संचालित एक दर्जन नर्सरीबाट सुन्तलाका बिरुवा उत्पादन हुन्छ । वार्षिक झण्डै डेढ अर्बको सुन्तला उत्पादन हुने जिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण सुन्तला सुपरजोनले सुन्तला खेतीलाई प्रबर्द्धन गर्दै आएको छ। स्थानीय तहसँगको सहकार्यमा टोल विकास संस्था र स्थानीय कृषकको उत्पादन र उत्पादकत्व बृद्धिमा कम्पनीले सहयोग गर्दै आएको छ। उत्पादन बृद्धिमा उन्नत जातको बीउ र प्रविधि मार्फत लागत कम गर्न कृषकसँग हातेमालो गर्दै अगाडी बढेको कम्पनीले जनाएको छ। कम्पनीले खेतीबालीमा हुने संक्रमण, रोग तथा किरा नियन्त्रण गर्न बाली शिविर गर्दै आएको छ।

# बागलुङमाघ्यू भण्डारण गर्न'कोल्ड स्टोर' सञ्चालन

पोखरापत्र संवाददाता
बागलुङ, २१ भाद्र

बागलुङमा घ्यूको उचित तापक्रममा भण्डारणका लागि १० टन क्षमताको चिस्यान केन्द्र (कोल्ड स्टोर) निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

जिल्लामा किसानको दूधको सङ्कलन, प्रशोधन र बजारीकरण गर्दै आएको बागलुङ दूध सहकारी सङ्घले स्थापना गरेको उद्योगमा रु २० लाखको लागतमा घ्यू कोल्ड स्टोर बनाइएको हो।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको ५० प्रतिशत अनुदान सहयोगमा घ्यू कोल्ड स्टोर निर्माण गरिएको दूध सहकारी सङ्घ बागलुङका अध्यक्ष दिपक गौतमले जानकारी दिनुभयो । सङ्घको रु १० लाख र रु१० लाख पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको अनुदानमा १० टन क्षमताको कोल्ड स्टोर बनाइएको हो।

जिल्लाका एक हजार ४०० भन्दा बढी किसानबाट दैनिक तीन हजार ५०० लिटर दूधको संकलन, प्रशोधन र बजारीकरण गर्दै आएको सङ्घले घ्यूलाई उचित तापक्रममा भण्डारण गरी बिक्री गर्नका लागि घ्यू कोल्ड स्टोरले सघाएको गौतमले बताउनुभयो । "दूधको माग घटबढ हुन्छ, कहिले दूधको माग धान्नै सकिन्न कहिले दूध धेरै भएको हुन्छ, दूधबाट छुर्पी बनाउदा ठूलो परिमाणमा घ्यू उत्पादन हुन्छ, उत्पादन भएको घ्यू एकैपटक बजारमा बिक्रीसमेत हुँदैन त्यसैले घ्यूलाई उचित तापक्रममा भण्डारण गर्न सानो फ्रिजले पुग्दैन" गौतमले भन्नुभयो "दूधको खपत कम हुँदा उत्पादन भएको घ्यूलाई क्रमश बिक्रीका लागि १० टन क्षमताको कोल्ड स्टोर अझै कम हुन्छ हामीलाई तर अनुदानले राहत मिलेको छ।" कोल्ड स्टोरमा घ्यूलाई माइनस डिग्रिमा भण्डारण गरिँदै आइएको छ। अहिले सङ्घले रु एक हजार ५०० मा एक केजी घ्यू बिक्री गर्दै आएको छ। दूधसँगै दूधजन्य उत्पादन पनिर, छुर्पी, घ्यू र खुवा उत्पादन गर्दै आएको सहकारी सङ्घले आर्थिक वर्ष २०८१/८२ मा किसानबाट रु आठ करोड ९३ लाखको नौ लाख ९२ हजार लिटर दूध खरिद गरेर बिक्री गर्दै आएको छ । दूधमा आत्मनिर्भर जिल्लाका रूपमा रहेको बागलुङमा २४ प्रारम्भिक सहकारी र एक सङ्घले दूधको संकलन र बजारीकरण गर्दै आएको छ।

# नागढुंगा आमा समूहको अध्यक्षमा कमला श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, २१ भाद्र



नागढुङ्गा आमा समूहको अध्यक्षमा कमला श्रेष्ठ निर्विरोध चयन हुनुभएको छ। समूहको शनिबार सम्पन्न २२ औं वार्षिक साधारण सभा तथा सातौं अधिवेशनले आगामी तीन वर्षका लागि उहाँको अध्यक्षतामा १३ सदस्य कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षमा सीमा लामिछाने, सचिवमा पुष्पा गिरी, सहसचिवमा पार्वती अधिकारी कोषाध्यक्षमा मैयादेवी श्रेष्ठ तथा सहकोषाध्यक्षमा बबिता राजभण्डारी चयन हुनुभयो । समितिको सदस्यहरूमा मथुरा गिरी, कमला काप्री, अम्बिका लामिछाने, सुमिना तुलाचन, आशा जिसी, तारा क्षेत्री र सृजना काफ्ले चयन हुनुभयो।

नवनिर्वाचित अध्यक्ष श्रेष्ठले नागढुङ्गा आमा समूहको संस्थागत विकासमा आफ्नो बलबुताले भ्याएसम्म कोशिस गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो । समाजका गतिविधीमा समुहलाई समेटेर अघि बढ्ने उहाँको भनाई थियो। समूहका सल्लाहकार दुर्गाराज गिरी संयोजक तथा पवित्र गिरी र विनोद लामिछाने सदस्य रहेको निर्वाचन समितिले अधिवेशन सम्पन्न गरेको हो । यसअघि पोखरा महानगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सनीले एक समारोहका विच अधिवेशनको उद्घघाटन गर्नुभएको थियो । सो अवसरमा उहाँले टोल विकासका लागि जनप्रतिनिधि तथा स्थानिय विच सकारात्मक सहकार्यको खाँचो रहने औल्याउनु भयो । 'आपसी सहयोगले नै टोल, समाज, वडा, बन्ने हो'- उहाँले भन्नुभयो। सोही समारोहमा उहाँले आमा समुह र नागढुंगा टोल विकास संस्थालाई संयुक्त रुपमा साउण्ड सिस्टम हस्तान्तरण गर्नुभयो।

उद्घघाटन समारोहमा पोखरा महानगरपालिका कार्यपालिका सदस्य गोविन्द तुलाचन, वडा सदस्यहरू लक्ष्मी पहारी, गीता चर्मकार, समुहका निवर्तमान अध्यक्ष लक्ष्मी गिरी, नागढुङ्गा टोल विकास संस्थाका अध्यक्ष विष्णु प्रसाद सुवेदी,कृषी सञ्जाल वडा नम्बर ९ का अध्यक्ष बिमला रानाभाट लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो। समारोहमा नागढुंगा आमा समूहको भौतिक एवं आर्थिक विकासमा सहयोग गर्ने सहयोगीहरू सुकमाया राजभण्डारी, शान्ति श्रेष्ठ, शिवप्रसाद सुवेदी, लक्ष्मी गिरी, पर्वती क्षत्री, पूर्णबहादुर परियार लगायतलाई सम्मान गरिएको थियो । अम्बिका लामिछानेलाई समुहले सक्रिय सदस्यका रुपमा सम्मान गर्‍यो । समूहका निवर्तमान अध्यक्ष कमला केसीको अध्यक्षतामा भएको उद्घघाटन समारोहमा उपाध्यक्ष कमला श्रेष्ठले स्वागत तथा सचिव सिमा लामिछानेले सञ्चालनसँगै कार्यप्रतिवेदन एवं कोषाध्यक्ष पुष्पा गिरीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । अधिवेशनसँगै निवर्तमान बन्नुभएका कमला केसीले आफ्नो कार्यकाल सफल पार्न सहयोग गर्ने सम्पूर्ण सहयोगीलाई धन्यवाद ज्ञापन गर्दै कार्यसमितिका पदाधिकारीहरुलाई सम्मान समेत गर्नुभयो।


**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**

**प्रदेश सङ्ग्रहालय**

**पोखरा, कास्की, नेपाल**

## प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८२/०५/२२**

**यस कार्यालयवाट मिति २०८२/०३/३१ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिमको निर्माण कार्यका लागि e-gp मार्फत दर्ता हुन आएका वोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा तपशिल वमोजिमका वोलपत्रदाताहरुको बोलपत्र प्राविधिक प्रस्ताव मूल्याङ्कनमा योग्य देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ संशोधनसहितको नियम ३१ (ज) को उपनियम (५) वमोजिम तपशिलमा उल्लेख भएको मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपशिलः**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्तावमा छनौट भएका बोलपत्रदाताहरुको नाम |
|---|---|---|---|
| १ | PM/Kaski/NCB /W/ 03/081-82 | मुख्य प्रवेश द्वारसँगै रहेको जीर्ण भवन भत्काई नयाँ भवन निर्माण कार्य | श्री आरुषी कन्स्ट्रक्सन, पोखरा-७, कास्की ।<br>श्री रेग्मी कन्स्ट्रक्सन/विश्वास निर्माण सेवा जे.भी., पोखरा-१३, कास्की ।<br>श्री अमृतमान कन्स्ट्रक्सन/विजि वि कन्स्ट्रक्सन प्रा.लि./स्काई कन्स्ट्रक्सन एण्ड विल्डर्स जेभी, पोखरा<br>श्री राहुल कन्स्ट्रक्सन/झींगु अजीमा चण्डेश्वरी इन्टरनेशनल प्रा.लि./लाखे विल्डर्स नेपाल प्रा.लि. जे.भी. पुतलीवजार-१३, स्याङ्जा ।<br>श्री टुडेज विल्डर्स, पोखरा-८, कास्की ।<br>श्री रुरु कन्स्ट्रक्सन, काठमाण्डौ । |

**आर्थिक प्रस्ताव खोल्ने मितिः २०८२/०५/२९ दिनको १.०० बजे, स्थानः प्रदेश संग्रहालय पोखरा ।**